# धर्मदेवी नगरपालिका
## प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७६

**प्रस्तावना**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिमधर्मदेवीनगरपालिकाको कार्यपालिका बैठकले नगरसभाबाट अनुमोदन हुने गरी यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम **धर्मदेवी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६** रहेको छ

(२) यो ऐन धर्मदेवी नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :**

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **ऐन** भन्नाले धर्मदेवी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ सम्झनु पर्छ ।

(ख) **कार्यपालिका** भन्नाले धर्मदेवी नगर कार्यपालिकासम्झनु पर्छ

(ग) नगरपालिका भन्नाले धर्मदेवी नगरपालिका सम्झनु पर्छ ।

(घ) **सभा** भन्नाले संविधानको धारा २२२ बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(च) **संविधान** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार :**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधिनियमित गर्नको निमित्त धर्मदेवी नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।



(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकारभित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः**

(१) संविधान, ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमावलीको अधिनमा रही धर्मदेवीनगरकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागूगर्न सक्नेछ ।

-०००-



धर्मदेवी नगरपालिका
धर्मदेवी नगरपालिका